मानननीय डिल्लीराज भट्ट
प्रदेश प्रमुख

गण्डकी प्रदेश
पोखरा, नेपाल
फोन नं. ०६१-५७०८८३

नेपाल सरकार
प्रदेश प्रमुखको कार्यालय
गण्डकी प्रदेश, पोखरा

# उधौली पर्व तथा यःमरि पुन्ही, २०८२ को शुभकामना सन्देश

किराँत समुदायको विशेष चाड उधौली पर्व तथा नेवार समुदायले मनाउने चाड यःमरि पुन्हीको अवसरमा देश तथा विदेशमा रहनुभएका समस्त नेपाली दिदीबहिनी, दाजुभाइहरुमा सुख, शान्ति, समृद्धि एवं दीर्घायुको हार्दिक शुभकामना व्यक्त गर्दछु।

किराँत समुदायका मूलतः राई, लिम्बु, सुनुवार र याख्खाहरूले मनाउने उधौली पर्व कृषि प्रणालीमा आधारित छ। प्रकृतिपूजक किराँत समुदायले अन्नबाली पाकेपछि इष्ट देवतालाई चढाउने, खानका लागि अनुमति माग्ने तथा पितृलाई श्रद्धापूर्वक स्मरण गर्दै विशेष रुपमा यो पर्व मनाउने गर्दछन्।

परम्परागत भेषभूषा लगाई सार्वजनिक स्थलमा भेला भएर सामूहिक रूपमा साकेला नृत्य गर्दै विविध कार्यक्रम गर्दै मनाउने गर्दछन्। उधौली पर्वले जाडो मौसममा मानिस, जीवजन्तु तथा चराचुरुङ्गी लेकबाट बेंसीतिर बसाइँ सर्ने समय भएको सङ्केत गर्दछ। प्रकृतिसँग अभिन्न सम्बन्ध रहेको किराँत समुदायको यो पर्वले नेपालका सबै जातजातिबीच आपसी सद्भाव अभिवृद्धि गर्नुका साथै पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न सहयोग गरेको देखिन्छ।

उधौली पर्वजस्तै नेवार समुदायको विशेष पर्व यःमरि पुन्ही पनि कृषि प्रणालीसँग सम्बन्धित छ। नयाँ भित्राइएको धानको चामलबाट बनेको पिठोको विशेष परिकार खाने, धनसम्पत्ति, वृद्धि र धनधान्यले भरिपूर्ण हुने जनविश्वासमा यो पर्व मनाउने चलन छ।

आज नै धान्य पूर्णिमा, ज्यापु दिवस पनि मनाइरहेका छौं। पुरानो कृषि युगमा यस दिनको ठूलो महत्व छ। असारमा रोपेको धान मङ्सिरमा भित्राएर प्रमुख खाद्यान्न धानप्रति कृतज्ञ हुने पर्व भएकाले आजको दिनलाई धान्य पूर्णिमा भनिएको हो।

यी चाडहरुमा इष्टमित्र तथा आफन्तबीच भेटघाट एवं मेलमिलापको अवसर समेत प्रदान गर्ने भएकोले यसबाट पारिवारिक, सामुदायिक र सामाजिक एकता कायम राख्न महत्वपूर्ण योगदान पुग्ने देखिन्छ। यस्ता चाडपर्वहरूबाट नेपालका विविध भूगोल, संस्कृति, जातजाति र भाषाभाषीका जनताबीच आपसी सद्भाव, सहिष्णुता र भ्रातृत्वको भावना अभिवृद्धि भई वृहत् राष्ट्रिय एकतालाई थप सुदृढ बनाउन मद्दत पुग्ने मैले विश्वास लिएको छु।

आपसी मेलमिलाप, सामाजिक सहिष्णुता, संस्कृतिको संवर्द्धन र प्रकृति प्रेमको प्रतीकका रुपमा रहेका यी पर्वहरुका अवसरमा सबैलाई फेरि हार्दिक शुभकामना व्यक्त गर्दछु। धन्यवाद।

२०८२ मंसिर १८ गते, बिहीबार।
ने.सं. ११४६ थिंलाथ्व चतुर्दशी-१४।

प्रदेश प्रमुख